ईङ्वा हाईड्रोपावर लिमिटेड
INGWA HYDROPOWER LIMITED
PAN NO. : 303742663
Reg No. : 125983/071/072

च.नं. ४४/०८२/०८३

मिति : २०८२/०८/२३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।

श्री विद्युत विकास विभाग,
सानो गौचरण, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

श्री विद्युत नियमन आयोग,
सानो गौचरण, काठमाडौं ।

**विषय : १६औं वार्षिक साधारण सभाको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ईङ्वा हाईड्रोपावर लिमिटेडको मिति २०८२/०८/२२ गते का दिन बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको हँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार यहाँको जानकारी तथा उपस्थितिका लागि अनुरोध छ । साथै यस १६औं वार्षिक साधारण सभाको सुचना मिति २०८२ साल मंसिर २३ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरि यसै साथ संलग्न गरि पठाईएको जानकारी अनुरोध छ ।

**१६औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

मिति : २०८२ साल पौष १६ गते बुधवार (Wednesday, 31st December, 2025)
स्थान : होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं ।
समय :- बिहान ११.०० बजे देखि

**१६औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू द्धारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रगति विवरण छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान/हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१. कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा आवश्यक कार्य गर्न र कम्पनीको प्रबन्धपत्र, नियमावली संसोधन गर्न आवश्यक परेमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

भवदीय,

Ingwa Hydro Power Ltd Thapathali

गोकुल पाण्डे
कम्पनी सचिव

# ईङ्वा हाइड्रोपावर लिमिटेड
# INGWA HYDROPOWER LIMITED

रजिष्टर्ड कार्यालय: काठमाडौं महानगरपालिका वडा नं ११, थापाथली । फोन नं. ०१ ५११९०९३
इमेल: ingwahydropowerlimited@gmail.com | वेबसाइट: www.ingwahydropowerltd.com.np

## सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२३)

ईङ्वा हाईड्रोपावर लिमिटेडको मिति २०८२/०८/२२ गते अपरान्ह ३.३० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको १६औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहाय बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१६औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय:**

मिति : २०८२ साल पौष १६ गते सोमवार (Wednesday, 31st December, 2025)
स्थान : होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं ।
समय : बिहान ११.०० बजे देखि

**१६औं वार्षिक साधारण सभाका छलफलका विषयहरु:**

**क) सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू द्वारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रगति विवरण छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान/हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव:**

१. कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा आवश्यक कार्य गर्न र कम्पनीको प्रबन्धपत्र, नियमावली संशोधन गर्न आवश्यक परेमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**१६औं वार्षिक साधारण सभा हुने सम्बन्धी जानकारीहरु**

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।
२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:३० बजेबाट खुल्ला गरिनेछ ।
३) १६औं वार्षिक साधारणसभाको प्रयोजनका लागि मिति २०८२ साल पौष ८ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द रहनेछ । मिति २०८२ साल पौष ८ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई लगत कायम शेयरधनीहरु मात्र यस आ.व. २०८१/०८२ को यस साधारण सभामा भाग लिन योग्य हुनेछन् ।
४) साधारणसभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतःबदर हुनेछ ।
५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनी शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।
६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
७) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.ingwahydropowerltd.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**